आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०७ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

- आज भगवान जगन्नाथको रथयात्राको अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुए उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले देशको मानिसहरुलाई शुभकामना दिनु भएको छ।
- मुख्यमन्त्री ममता ब्यानर्जीले कोलकाताको इस्कन मन्दिरको रथयात्राको डोरी तानेर उद्घाटन गर्नुभयो । यसै अवसरमा उहाँले सबैलाई रथयात्राको शुभकामना पनि दिनुभयो।
- श्रीजगन्नाथ भगवानको रथयात्राको अवसरमा आज पहाड अनि समतलमा भगवान जगन्नाथको रथयात्रा निकालियो।
- भोलि सर्वोच्च अदालतमा नीट युजी सम्बन्धी धेरै याचिकाहरूको सुनुवाइ हुनेछ।
- राष्ट्रिय राजमार्ग १० अन्तर्गत सेल्फी पोइन्ट १६ माइलमा पहाड़ काट्ने काम धमाधम भइरहेकाले सेतीझोड़ादेखि चित्रेसम्म मार्ग बन्द राखिएको छ।

**राष्ट्रपति जगन्नाथ**

आज भगवान जगन्नाथको रथयात्रा शुरु भएकोमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले देशको मानिसहरुलाई शुभकामना दिनु भएको छ। राष्ट्रपति मुर्मुले सामाजिक सञ्जालमा एउटा पोस्ट मार्फत रथमा सवार भगवान जगन्नाथका तीन रूपहरू हेर्न देश र विदेशमा रहेको असंख्य भक्तहरू उत्सुकतापूर्वक पर्खिरहेको बताउनु भयो। राष्ट्रपतिले सबैको सुख, शान्ति र समृद्धिको लागि भगवान जगन्नाथसँग आफूले प्रार्थना गरेको बताउनु भयो। उपराष्ट्रपति जगदीप धनखडले सामाजिक सञ्जालमा एउटा पोस्टमा भगवान जगन्नाथको दर्शनको ऐतिहासिक र सांस्कृतिक महत्व रहेको बताउनु भएको छ। उहाँले रथयात्राको जरा प्राचीन भारतीय परम्परामा रहेको र आस्था, एकता र समृद्ध सम्पदाको प्रतीक भएको बताउनु भयो। उपराष्ट्रपतिले भगवान जगन्नाथको पवित्र यात्राले मानिसको जीवनमा सुख र आध्यात्मिक चेतना ल्याउने कामना गर्नु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सामाजिक सञ्जालमा एउटा पोस्टमा भगवान जगन्नाथप्रति श्रद्धा व्यक्त गर्दै उहाँको आशीर्वाद सधैं देशमा रहिरहोस् भन्ने कामना गर्नु भएको छ।

****** ० ******

**रथयात्रा-मुख्यमन्त्री**

मुख्यमन्त्री ममता ब्यानर्जीले कोलकाताको इस्कन मन्दिरको रथयात्राको डोरी तानेर उद्घाटन गर्नुभयो। यसै अवसरमा उहाँ इस्कन मन्दिरको पूजामा पनि सहभागी हुनुभयो भने सबैलाई रथयात्राको शुभकामना पनि दिनुभयो। यस अवसरमा मुख्यमन्त्रीसँगै उहाँकी भाउजु र अभिषेक ब्यानर्जीकी आमा लतादेवी पनि साथमा हुनुन्थ्यो। मुख्यमन्त्रीले इस्कनका साधु-सन्त र पुजारीहरूसँग कुराकानी गरेर पुजाअर्चना गर्नुभयो। यसभन्दा अघि मुख्यमन्त्री ममता बनर्जीले सबैलाई रथयात्राको शुभकामना दिनु भएको थियो। आज बिहान उहाँले सामाजिक सञ्जालमा लेख्नु भएको छ, आजको रथयात्राको पावन अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना। यस दिनले भगवान जगन्नाथको कृपाले सबैमा शान्तिए सद्भाव र समृद्धि ल्याओस्।

****** ० ******

**श्री जगन्नाथ यात्रा**

आज आषाड शुक्ल द्वितिया श्रीजगन्नाथ भगवान को रथयात्रा। यस अवसरमा आज राज्यभरि भगवान जगन्नाथको रथयात्रा निकालियो। आज खरसाङ नगरपालिका अन्तरगत नया बजार स्थित श्री जगन्नाथमनदिरमा पनि रथयात्रा भव्यताका साथ निकालियो। उक्त रथयाज्त्रा खरसाङ नयाबजारबाट प्रारम्भ भएर शहरको परिक्रमा गर्दै फेरी मन्दिरमा पुर्यायियो। दार्जीलिङको बड़ी ठाकुरबाड़ी मन्दिरमा प्रत्येक वर्ष जस्तै आज पनि भगवान जगन्नाथ रथयात्रा निकालियो। दार्जीलिङ पहाड़को सुख-शान्तिए दार्जीलिङवासीको कल्याणको लागि यो रथयात्रा निकाल्ने गरिएको आयोजक समितिले बताएको छ। सिलगढीको इस्कन

मन्दिरमा पनि प्रत्येक वर्ष झैँ यस वर्ष पनि भव्य रूपमा भगवान जगन्नाथको रथयात्रा निकालियो। यस अवसरमा हजारौँ भक्तहरूको भीड जुटेको थियो। सिलगढीका मेयर गौतम देवसँगै अन्य गण्यमाण्य व्यक्तिहरू पनि भगवान जगन्नाथको दर्शन गर्न इस्कन मन्दिर पुग्नु भएको थियो।

****** ० ******

**सर्वोच्च अदालतमा नीट**

भोलि सर्वोच्च अदालतमा नीट युजी सम्बन्धी धेरै याचिकाहरूको सुनुवाइ हुनेछ। यसमा नयाँ परीक्षाको माग गर्ने याचिकाहरू पनि समावेश छन्। सर्वोच्च अदालतको वेबसाइटमा अपलोड गरिएको सूची अनुसार मुख्य नन्यायाधीश डी.वाई. चंद्रचूड़ए न्यायाधीश जे.बी पर्दिवाला अनि न्यायाधीश मनोज मिश्रको खण्ड पीठको समक्ष 26 याचिकाहरु सुनवाईको लागि सूचीबद्ध रहेको छ। आफ्नो निवेदनमा विद्यार्थीहरूले नीट मा भएको कथित अनियमितताको छुट्टै अनि स्वतन्त्र छानबिनको माग गरेका छन्। बढ्दो नीट विवादको बीचमाए केन्द्रले सर्वोच्च अदालतमा हलफनामा दायर गरेको छ। केन्द्रले परीक्षामा धेरै अनियमितता भएको प्रमाणको अभावमा नीट यु जी-२०२४ पुन: सञ्चालन गर्न आवश्यक नरहेको बताएको छ। केन्द्रले नयाँ परीक्षाले लाखौं वास्तविक उम्मेद्वारहरुको जीवनमा प्रतिकूल असर पार्ने तर्क पनि गरेको छ। राष्ट्रिय परीक्षा एजेन्सी-एनटीएले देशभरिको सरकारी र निजी संस्थाहरूमा एमबीबीएस बीडीएस आयुष र अन्य सम्बन्धित पाठ्यक्रमहरूमा भर्नाको लागि राष्ट्रिय पात्रता-सह-प्रवेश परीक्षा-अण्डरग्रेजुएट सञ्चालन गर्दछ।

****** ० ******

**राष्ट्रिय राजमार्ग- 10**

राष्ट्रिय राजमार्ग 10 –अन्तर्गत सेल्फी पोइन्ट 19 माइलमा पहाड़ काट्ने काम धमाधम भइरहेकाले सेतीझोड़ादेखि चित्रेसम्म मार्ग बन्द राखिएको जनाइएको छ। प्राप्त जानकारी अनुसार मरम्मतिको कार्य भइरहेको अनि पानी भरिएको कारण रविझोड़ादेखि टिस्टा बजारसम्मको मार्ग पनि बन्द गरिएको छ। यताए कालेबुङदेखि पन्बु हुँदै सिलगढ़ी जाने मार्ग भने खुल्ला राखिएको छ भने यसैगरी रम्फूदेखि लाभा हुँदै मनसोङको मार्गलाई पनि खुल्ला राखिएको छ। यस्तै प्रकारले कालेबुङबाट लाभा भएर सिलगढ़ी जाने मार्ग पनि खुल्ला रहेको बताइएको छ।

****** ० ******

**राज्य मौसम**

कोलकाता लगायत राज्यका अन्य भागहरूमा अर्को हप्तादेखि वर्षा रोकिने अनुमान गरिएको छ। उल्लेखनीय छए उत्तर बंगालमा गत केही दिनदेखि अविरल वर्षा भइरहेछ। लगातारको वर्षाका कारण पहाडी क्षेत्रमा पैह्रो गएको छ भने समतलमा खेतीयोग्य जमिनलाई धेरै नोक्सान पुगेको छ। अलिपुर मौसम विभागले बुधबारसम्म उत्तर बंगालका जिल्लाहरूमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ- शनिबार कोलकाताको न्यूनतम तापमान २७.७ डिग्री सेल्सियसमा रेकर्ड गरिएको छए जुन सामान्यभन्दा एक डिग्री बढी हो। कोलकाता बाहेकए हावडाए हुगलीए उत्तर र दक्षिण २४ परगना पूर्व र पश्चिम मेदिनीपुर पुरुलिया बांकुड़ासहित राज्यका अन्य भागहरूमा तापमान २७ डिग्री सेल्सियसको बीचमा रहने मौसम विभागले बताएको छ। पछिल्लो २४ घण्टामा कोलकातामा ०.४ मिलिमिटर वर्षा रेकर्ड गरिएको छ। आज पनि आकाशमा बादल थियो भने उत्तर बंगालको अलिपुरद्वार कुचबिहार जलपाईगडी दार्जिलिङ र कालेबुङमा पनि यस्तै प्रकारको मौसम रह्यो।

****** ० ******

**जलपाईगुडी**

विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण जलपाईगुडी नगरपालिका क्षेत्रका २५ वटा वडाहरू डुबावमा परेको छ। कार्ला खोलाको पानीका कारण वार्ड नं १ र २५ को निच माट र परेश मित्र कोलोनी क्षेत्रमा बाढीको अवस्था रहेको छ। तीन सयभन्दा बेसी परिवारहरु बसोबास गर्ने घरहरुमा पानी पसेकोले गर्दा बासिन्दाहरूले घरबार छोडेर बाढी आश्रय केन्द्र अनि सामुदायिक हलहरूमा शरण लिएका छन्। नगरपालिकाले यीनिहरुलाई सुक्खा अनि पकाएको खाना उपलब्ध गरि रहेको छ। लगातार वर्षासँगै बढ्दो टिस्टा नदीले पनि जलपाईगुडीको मानिसहरुको चिन्ता बढाएको छ। जलपाईगुडी नगरपालिका प्रमुख

पापिया पालले स्थिति अझ खराब हुन सक्ने डर व्यक्त गर्नु भएको छ। नगरपालिकाले पीडितहरुलाई सहयोग गरिरहेको तथा खाना अनि खानेपानीको व्यवस्था मिलाइएको नगरपालिका प्रमुखले जानकारी दिनु भएको छ।

****** ० ******

**मिरिक**

लगातार परिरहेको भारी बर्षाको कारण यतिबेला मिरिक महकुमा अन्तर्गत देउराली बस्तीवासी चिन्तित बनेका छन्। प्राकृतिक आपदाको संभावनालाई ध्यानमा राख्दै आम नागरिकहरुको सुरक्षाको निम्ति गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन सभाका मिरिक डुप्टिन समष्टि सभासद मिलेश राईले आज मिरिक खण्ड बिकास अधिकारी श्रेयाशी माइती सङ्ग देउराली बस्ती लगायत बालासन नदी तटको पनि स्थलगत निरीक्षण गर्नुभयो। बालासन नदीको उर्लदो बेगको कारण देउराली बस्तीलाई पुग्ने क्षयक्षती बारे स्थानीय नागरिकहरुको सुझाउ र सल्लाह मुताबिक सभासद राईले खण्ड बिकास अधिकारी अनि जिटिएका प्रमुख कार्यापाल अनित थापा सित बैठक बसेर अघिल्लो कार्वाहीको निम्ति अघि बडने जानकारी दिनु भएको छ। सभासद राईले बालासन नदीको जलस्तर बडेपछि स्थानीय ग्रामीण नागरिकहरुले सुरक्षित स्थानमा पुनर्वास गरिदिने माग गरिरहेको जानकारी दिनुभएको छ।

****** ० ******

**एड्वर्ड्स फाउण्डेशन**

एड्वर्ड्स फाउण्डेशनले चौथो वर्ष पनि यूपीएसईको लागि आज दार्जीलिङमा एक परीक्षाको आयोजना गऱ्यो। जसमा कालेबुङए दार्जीलिङ साथै डुवर्सका विद्यार्थीहरूले भाग लिएको फाउण्डेशनका प्रमुख अजय एड्वर्ड्सले बताएका छन्। दार्जीलिङ पहाड़ए तराईए डुवर्सका नानीहरू पनि सरकारका शीर्ष पदहरूमा आसिन हुन सकुन् ताकि उनीहरूले भविष्यमा जातिको हितमा ठोस निर्णय लिन सकुन् भन्ने सोच राखेर नै एड्वर्ड्स फाउण्डेशनले विगत 4 वर्षदेखि यूपीएसईको कोचिङको लागि विद्यार्थीहरू चयन गरेर स्पोन्सर गर्ने काम गर्दै आइरहेको पनि बताइएको छ।

****** ० ******

**निरज जिम्बा**

दार्जिलिंगका बिधायक निरज जिम्बाले २०१७ को गोर्खाल्याण्ड आन्दोलन अवधी आफ्नो प्राण गुमाएका शहीद टाँशी भुटियालाई उहाँको सातौं पुण्यतिथिमा आज सोनादा बजार स्थित शहीद बेदीमा श्रद्धाञ्जलि अर्पण गर्नु भयो। सामाजिक संजालमा एउटा पोस्टमा श्री जिम्बाले ७ जुलाई २०१७ मा शहीद बनेका टाँशी भुटियाले दिएको बलिदानलाई कहिले नभुल्ने बताउनु भएको छ।

****** ० ******

**टेलदा छेचु उत्सव**

पद्म सम्भव बुद्धिष्ट लामा एसोसिएशनको आयोजनामा आगामी 14 देखि 17 जुलाईसम्म शानड्रूप तारगेलिङ शेर्पा बुद्धिष्ट गुम्बा सोनादा दार्जिलिङमा टेलदा छेचु उत्सव मनाइने भएको छ। संस्थाका अध्यक्ष खेन्पो पासाङ दावा शेर्पाले दिएको जानकारी अनुसार हिमाली चन्द्र पत्र अनुसार छैटो महिनाको दशमीको दिनमा टेलदा छेचु मनाइन्छ। यो चन्द्रमासको दशौँ दिनमा आयोजना गरिने एउटा धार्मिक उत्सव हो। बौद्ध धर्मको यो महत्वपूर्ण उत्सव बौद्ध धर्मको बज्रयान परम्परासित सम्बन्धित छ। यस उत्सवलाई एउटा धार्मिक परम्पराको संकीर्ण परिभाषाभन्दा बाहिर लैजाने ध्येयले सम्पूर्ण भक्तजनलाई उत्सव अर्थात पुजामा उपस्थित भइदिने आह्वान गरिएको छ। आयोजक पद्मसम्भव बुद्धिष्ट लामा एसोसिएसनद्वारा सम्पूर्ण भक्तजनलाई यस भव्य पुजामा उपस्थित भई पुण्य लाभ गर्नहुन हार्दिक निमन्त्रणा गरिन्छ।

****** ० ******

**सोनादा- घर जलाएको**

सोनादादेखि केही मुनितिर पर्ने मुण्डाकोठी चियाबारीको प्रधान गाउँमा आफ्नै ज्वाइँले घर जलाई दिएको घटना प्रकाशमा आएको छ। सन्जोग तामाङले आफ्नै ससुराली घर नै जलाउँदै गरेको स्थानीयहरूले देखेर पुलिसलाई खबर गरेपछि राति नै सोनादा पुलिस आउट पोष्टका पुलिस अधिकारीहरू पुगेर सन्जोग तामाङलाई पक्राउ गरिएको जानकारी प्राप्त भएको छ। सन्जोग तामाङले

आफ्नी सासु रिता छेत्री र पत्नी मञ्जु छेत्रीलाई फोनमा लगातार धम्काउने कार्य गर्दै आएको र गए राती 11 बजेतिर सासु रिता छेत्रीको घरमै आएर तिनको घर जलाई दिएको स्थानीयहरूले बताएका छन्।

****** ० ******

************